सूचना पार्टी एवं Website मा

मात्र प्रकाशित गर्ने ।

विगो नं.२३

पाँचथर जिल्ला अदालतबाट जारी भएको जिल्ला काठमाण्डौं कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ८ गोठाटार स्थित रजिष्टर्ड कार्यालय रहेको गंगामाया सेवा प्रा.लि. तथा सो का संचालक महेन्द्र बाँस्कोटाको नामको जनाउ म्याद।

दरखास्तवाला/वादी जिल्ला उदयपुर साविक बेल्टार बसाहा नगरपालिका वडा नं. ५ को हाल परिवर्तित चौदण्डीगढी नगरपालिका वडा नं. २ घर भई हाल काठमाणंडौं महानगरपालिका वडा नं. ६ पाटीटार बस्ने रिमला तामाङ पाण्डे र प्रतिबादी जिल्ला जिल्ला काठमाण्डौं कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ८ गोठाटार स्थित रजिष्टर्ड कार्यालय रहेको गंगामाया निर्माण सेवा प्रा.लि. समेत भएको मु.नं. ०७८-C४-२७७९ को चेक अनादर मुद्दामा काठमाण्डौं जिल्ला अदालतबाट मिति २०८०/०२/२८ को फैसला बमोजिम वादीले प्रतिवादीबाट साँवा रु.७,००,०००।– (सात लाख) र त्यसको कानून बमोजिमको ब्याँज रु.२,९५,५५६।– (दुई लाख पन्चानब्बे हजार पाँच सय छपन्न रुपैंया मात्र) समेत भराई पाऊँ भनी वादीको मिति २०८०/०९/१९ मा दरखास्त परी कारबाहीक्रममा काठमाण्डौं जिल्ला अदालतबाट प्रतिवादीको नाममा १५ दिने म्याद जारी भएकोमा सो म्याद मिति २०८१/०२/०७ मा तामेल भई निर्दिष्ट मिति भित्र प्रतिवादी हाजिर नभई म्याद गुजारी बसी सो रकम दाखिल नगरेको हुँदा यो जनाउ म्याद सूचना प्रकाशित गरिएको छ । बादीले देखाएको तपाइसमेतको अंशियार भएको महेन्द्र बाँस्कोटा नामदर्ताको जग्गा जेथाको पंचकीर्ति मूल्य मिति २०८१/०९/१४ मा कायम भईसकेकोले उक्त जेथाको पंचकीर्ति मूल्यका दरले हुने गरी मिति २०८२/०३/२० गतेको डाक बढाबढ तोकिएको छ, उक्त दिनको १० बजे सम्ममा वादीलाई बुझाउनु पर्ने जम्मा विगो रु.९,९५,५५६।- लिई यस अदालतको तहसिल शाखामा हाजिर हुन आउनु होला। रकम बुझाउन ल्याएमा लिलाम कार्य रोक्का भई तपाईंसमेत अंशियार भएको रोक्का भएको जग्गा फुकुवा भई जानेछ, अन्यथा उक्त जेथाबाट विगोले खामेसम्मको तपाँइ नाम दर्ताको तपशिल बमोजिमको जेथा लिलाम भई जानेछ पछि तपाईको कुनै उजुर लाग्ने छैन।

तपसिलः

| क्र.सं | दर्तावाला | जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | पञ्चकिर्ती मूल्य (प्रति रोपनी) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | महेन्द्र बाँस्कोटा | पाँचथर | फिदिम | ४क | २०६ | २-२-०-२ | रु.१,३०,०००।– | |
| २ | महेन्द्र बाँस्कोटा | पाँचथर | फिदिम | ३क | ४३५ | ३-११-२-१ | रु.८०,०००।– | |
| ३ | महेन्द्र बाँस्कोटा | पाँचथर | चोकमागु | १क | १२३ | ४-११-३-२ | रु.८०,०००।– | |

ईति सम्वत २०८२ साल जेठ २० गते रोज ३ शुभम् -----------------------------------------